# खिजिदेम्वा ग्रामीण आँखा क्लिनिक सञ्चालनको लागि

# (KHIJIDEMBA RURAL EYE CLINIC)

## सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०७७

## (Operational and Management Guideline -2077)

खिजीदेम्वा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खिजीफलाटे,ओखलढुंगा

१ नं. प्रदेश नेपाल

# स्थानीय राजपत्र

खण्ड ४ संख्या ७ स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/०८/२५


भाग २

**प्रस्थावना :** जिल्ला सदरमुकामबाट टाढा रहेको यस खिजीदेम्वा गाउँपालिका खिजीफलाटेका स्थानीय बासिन्दाहरुलाई आँखा स्वास्थ्य सेवा लिन मन्थली वा काठमाण्डौं पुग्नु पर्ने वाध्यता रहेको हुँदा सामान्य उपचारबाट समेत वञ्चित भई खर्चिलो एवं अन्धोपना बढ्ने अबस्थालाई मध्येजर गरी खिजीदेम्वा गाउँपालिकामा आँखा स्वास्थ्य सेवा सँचालनको लागि खिजिदेम्वा गाँउपालिका, ओखलढुंगा र नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगा द्वारा **खिजिदेम्बा ग्रामिण आँखा क्लिनिक** सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) तथा खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय कार्यविर्धि(नियमित गर्ने) ऐन, २०७५ बमोजिम यस खिजीदेम्वा गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि बनाएको छ ।

# खिजिदेम्वा ग्रामीण आँखा क्लिनिक सञ्चालनको लागि सञ्चालन तथा व्यवस्थापन कार्यविधि – २०७७

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०८/११, प्रमाणिकरण मिति : २०७७/०८/१६**

१. **संस्थाको नामः** संस्थाको नाम “खिजिदेम्बा ग्रामिण आँखा क्लिनिक” (अंग्रेजीमाः Khijidemba Rural Eye Clinic रहनेछ ।

२. **स्थानः यस ग्रामिण** आँखा क्लिनिक खिजिदेम्बा गाँउपालिका वडा नं ५ मा रहने छ ।

३. **उद्देश्यः** यस क्लिनिकले सर्वसाधारण जनताको पहुँचमा पुग्न सक्ने गरी आँखा सेवा प्रदान गर्नेछ ।

४. **कार्यक्षेत्रः** यस क्लिनिकको कार्यक्षेत्र सम्बन्धित गाउँपालिका भित्रका सबै वडाहरुमा आँखा सेवा सञ्चालन गर्नसक्नेछ ।

**५.आधिकारिकता:** यस क्लिनिकको कानुनी रुपमा खिजिदेम्बा गाउँपालिका, ओखलढुंगा र नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगाको सहकार्यमा सञ्चालन भएको मानिनेछ र यसको आफ्नै छाप र लेटरप्याडको साथै आर्थिक कारोवार गर्ने अधिकार हुनेछ ।

**६. आँखा क्लिनिक सञ्चालन तथा व्यवस्थापन समितिको गठन :**

यस क्लिनिक सञ्चालनको लागि ५ देखि ७ सदस्यीय सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ । उक्त समिति देहाय बमोजिमको हुने छ :

१. अध्यक्ष : गाउँपालिका अध्यक्ष/सम्बन्धित वडाको वडा अध्यक्ष – १
२. सदस्य : स्वास्थ्य शाखा प्रमुख/प्रतिनिधि – १
३. सदस्य : सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयम सेविका – १
४. सदस्य : गाँउपालिकाको अध्यक्षले मनोन्वय गरेका समाज सेविका मध्येबाट १ जना महिला अनिवार्य – २
५. सदस्य : इन्चार्ज समुदायिक आँखा केन्द्र, ओखलढुंगा – १
६. सदस्य सचिवः क्लिनिक इन्चार्ज – १

**सल्लाहकारहरुः** यस आँखा क्लिनिकको सल्लाहकारहरु तपशिल अनुसार हुनेछन् ।
१. अध्यक्ष, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगा – १
२. अध्यक्ष, जिल्ला सामुदायिक आँखा केन्द्र, रामेछाप –१
२. प्रतिनिधि, बाह्य कार्यक्रम विभाग, तिलगंगा आँखा प्रतिष्ठान – १
३. कार्यपालिकाले मनोन्वय गरेको – २

**७. सञ्चालन समितिको काम कर्तब्य र अधिकार :**

यस समितिको काम कर्तब्य र अधिकारहरु तपशिल अनुसार हुने छ :-

क. आँखा क्लिनिक सञ्चालनको लागि गाँउपालिकाको सामुदायिक स्वास्थ्य इकाईको भवनमा २ वटा कोठाको ब्यवस्था गर्ने ।

ख. प्रचलित ऐन नियमको अधिनमा रहि क्लिनिकमा कार्यरत जनशक्तिहरुको नियुक्ति, सेवा सुविधा निर्धारण र परिचालन गर्ने ।

ग. क्लिनिकको आर्थिक कारोवार गर्ने साथै यस सम्बन्धमा नेपाल सरकारले तोकेको ऐन, नियम, नीति निर्देशन लगायत कानुनी दायित्वको बहन गर्ने ।

घ. आन्तरिक तथा बाह्य स्रोतबाट संकलित रकमबाट क्लिनिक सञ्चालन गर्ने ।

ङ. क्लिनिकमा आवश्यक पर्ने उपकरण, चश्मा तथा औषधीको लागि सामुदायिक आँखा केन्द्रसंग समन्वय गरि खरिद गर्ने ।

च. क्लिनिकबाट सञ्चालन हुने कार्यक्रमहरुको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्यांकन गर्ने ।

छ. क्लिनिकको आत्मनिरर्भताको लागि आवश्यक भौतिक पूर्वाधार, क्लिनिक तथा कार्यरत कर्मचारीहरुको बृद्धि विकासको लागि श्रोत तथा साधनहरुको ब्यवस्था गर्ने ।

ज. तिलगँगा आँखा प्रतिष्ठानको सामुदायिक आँखा केन्द्र र जिल्लाभित्र रहेका सम्वन्धित कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा आँखा स्वास्थ्य सेवा सुधार गर्न आवश्यक समन्वय गर्ने र

झ. क्लिनिक सञ्चालनमा आएको बाधा अड्चन फुकाउने

ञ. आँखा क्लिनिकको दैनिक प्रशासनिक, प्राविधिक, आर्थिक कार्यको अनुगमन तथा मुल्याङकन गर्ने

ट. क्लिनिकमा भए गरेका प्रगति विबरण मासिक रुपमा सामुदायिक आँखा केन्द्र र सरोकारवाला निकायमा पठाउने

ठ. क्लिनिकको आय ब्ययको वार्षिक लेखा परिक्षण गरि उक्त लेखापरिक्षणबाट प्राप्त प्रतिवेदनमा छलफल गरि आवश्यक सबै सरोकारवाला निकायहरुमा पठाउने ।

ड. क्लिनिक अनुगमन तथा मुल्याङकन बापत नेपाल आँखा कार्यक्रम, तिलगँगा आँखा प्रतिष्ठान, सामुदायिक आँखा केन्द, ओखलढुंगालाई बार्षिक रुपमा कुल आम्दानीको ५ देखि ७ प्रतिशत रकम प्रदान गर्ने ।

ढ. आवश्यकता अनुसार समिति तथा सल्लाकारहरुको बैठक बोलाउने र भएका प्रगति विवरण तिलगंगा आँखा प्रतिष्ठानको बाह्य कार्यक्रम विभागमा पठाउने

**८.गाउँपालिकाको काम कर्तब्य र अधिकारः** गाउँपालिकाको कार्यक्षेत्रहरु तपशिल अनुसारको रहने छः

क. प्रचलित ऐन नियम अनुसार क्लिनिक सञ्चालनको लागि आवश्यक कर्मचारीको ब्यवस्था गर्ने ।

ख. क्लिनिक सञ्चालन खर्चको ब्यवस्था गर्ने ।

ग. क्लिनिकको सेवा तथा कर्मचारीहरुको स्तर वृद्धिको लागि आवश्यक सहजिकरण गर्ने ।

घ. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङकन गर्ने ।

ङ. खिजीदेम्वा गाँउपालिका भित्र रहेका १८ वर्ष मुनिका बालबालिका, ६0 वर्ष भन्दा माथिका बृद्ध, बृद्धा, एकल महिला तथा विपन्नलाई आँखा सेवाको लागि आवश्यक बजेटको ब्यवस्था गर्ने

च. आँखा क्लिनिकमा नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रम लागू गर्ने

**९.नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगाको काम, कर्तब्य र अधिकारः–** सामुदायिक आँखा केन्द्रका कार्यक्षेत्रहरु तपशिल अनुसारको रहने छ :

क. क्लिनिक स्थापना गर्न एकपटकको लागि आवश्यक पर्ने सामाग्री ९भ्त्रगष्उभलत० को ब्यवस्था गर्ने ।

ख. क्लिनिक स्थापना गर्नको लागि प्राविधिक सहयोग गर्ने ।

ग. क्लिनिकले लिने सेवा शुल्कहरु निर्धारण गर्दा ब्यवस्थापन समितिलाई आवश्यक सहजिकरण गर्ने।

घ. क्लिनिकको दैनिक गतिविधि (प्रशासनिक तथा आर्थिक) तथा लेखा परीक्षणबाट प्राप्त रिर्पोटको अनुगमन र मुल्याङकन गर्ने।

ङ. क्लिनिकको चश्मा, औषाधी तथा अन्य सामाग्री खरिद गर्दा सोको आपुर्तिको सहजिकरण गर्ने ।
च. आवश्यक स्थानहरुमा वाह्य कार्यक्रमहरु सञ्चालन गर्ने ।
छ. क्लिनिकको सेवा तथा कर्मचारीहरुको स्तर वृद्धिको लागि आवश्यक सहजिकरण गर्ने ।
ज. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङकन गर्ने ।
ञ. आँखा स्वास्थ्य अवस्थाका वारेमा जानकारी दिन अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने ।

**१०. क्लिनिकले गर्ने कार्यहरु :** देहाय अनुसारको कार्यहरु गर्ने छ :
क. सबै जनताको पहुँचमा पुर्‍याउन सर्वसुलभ मुल्यमा गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्ने
ख. आँखा स्वास्थ्य सेवा कार्यक्रमलाई प्रवर्द्धन गर्न निरन्तर रुपमा समुदायको सहभागिता र सहकार्यलाई ग्राह्रयता दिने ।
ग. आँखा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
घ. आँखा स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आँखा सेवा प्रदायक तथा नेपाल सरकारको स्वास्थ्य संस्थासंग समन्वय गर्ने ।
ङ. गुणस्तरीय आँखा स्वास्थ्य सेवालाई उच्च सेवातर्फ विस्तार गर्दै लाने ।
च. क्लिनिकमा भईरहेको प्रगति विवरण आवश्यकतानुसार मासिक, त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक रुपमा सम्वन्धित संस्थाहरुमा पठाउने ।

**१०.१. आँखा क्लिनिकमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरु :**
क. विरामीको दृष्टि तथा चश्मा जाँच
ख. विरामीको आँखा सम्बन्धी रोगहरुको परीक्षण तथा उपचार
ग. आँखाको सामान्य शल्यक्रिया
घ. सर्बसुलभ मुल्यमा औषधी तथा चश्माको बिक्री वितरण
ङ. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि नजिकको सुविधा सम्पन्न आँखा अस्पतालमा रेफर गर्ने
च. आँखा रोग सम्बन्धी आकस्मिक सेवा प्रदान गर्ने

**१०.२. अन्य सेवाहरु :** खिजिदेम्बा ग्रामिण आँखा क्लिनिकले नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगा, रामेछाप तथा अन्य संघ संस्थाहरुसंग समन्वय गरी तपशील अनुसारको कार्यक्रमहरु सञ्चालन गर्नेछ :
क. आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरुमा आँखा शिविर सञ्चालन गर्ने ।
ख. विद्यालयहरुमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने ।
ग. विभिन्न माध्यमहरुबाट आँखा सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने ।

घ. समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरुलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

ङ. नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्रहरुबाट लागु हुने आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन तथा समन्वय गर्ने ।

**११. आर्थिक कारोवार :**

(क) आँखा क्लिनिकको आर्थिक कारोवार बैंक मार्फत हुने छ ।

(ख) यस क्लिनिको आफ्नो छुट्टै बैंक खाता हुने छ ।

(ग) क्लिनिको बैंक खाता सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगाका इन्चार्ज र क्लिनिक इर्न्चाजको सयूक्त दस्तखतबाट कुनै दुईको अनिवार्य हस्ताक्षरमा आर्थिक कारोवार हुने गरि बैंक खाता सञ्चालन हुने छ ।

(घ) बैंक खातामा आन्तरिक सेवाहरु तथा बाह्य निकायहरुबाट संकलित रकम जम्मा हुने छ ।

(ड) क्लिनिकमा दैनिक प्राप्त भएको नगद विशेष परिस्थिति बाहेक नगद प्राप्त भएको बढिमा २ दिन भित्र कार्यलय समयमा बैंक दाखिला गर्नु पर्ने छ ।

(च) क्लिनिकमा आँखा जाँचको लागि आउने विरामीहरुलाई विरामी दर्ता शुल्कबापत लिईने दर्ता शुल्क सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ ।

(ज) आँखा जाँच पछि प्रदान गरिने चश्मा तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगाले तोकेको मुल्यमा बिक्रि गर्नु पर्ने छ र विक्रिमा तोकेको मुल्यमा बढिमा १५ प्रतिशत सम्म छुट दिन सकिने छ ।

**.१२**. आवश्यक परेमा आँखा क्लिनिक सञ्चालनमा आर्थिक सहयोग गर्ने संस्थाको नाम समेत उल्लेख गर्न सकिनेछ ।

**१३**. सञ्चालन तथा व्यवस्थापन समितिले आँखा क्लिनिकको गतिविधि तथा कार्यक्रमहरुको आवश्यक समन्वय जिल्ला सामुदायिक आँखा केन्द, ओखलढुंगा, रामेछाप र नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठानको बाह्य कार्यक्रम विभागसँगको समन्वय तथा सहकार्यवाट गर्ने छ ।

**१४**. सरोकारवाला निकाय (Stakeholder) हरुबीच वार्षिक कार्ययोजना र प्रगति विवरणबारे गोष्ठी गरिनेछ ।

१५. आँखा क्लिनिक सञ्चालनमा माथि उल्लेखित भन्दा बाहेक अन्य कार्य गर्नु परेमा नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, बाह्य कार्यक्रम विभाग, आँखा क्लिनिक सञ्चालन तथा व्यवस्थापन समिति र गाँउपालिकाको कार्यपालिकाको बैठकले कार्यविधि आवश्यकत्ता अनुसार सम्सोधन गर्न सक्ने छ ।

१६. सम्झौतामा उल्लेखहुने सम्पुर्ण सहमति कर्त्ताहरुले आफ्नो जिम्बेवारी निर्बाह गर्नु पर्ने छ । यदी कुनै कारणबंश कुनै पक्षले आफ्नो जिम्बेवारी बहन नगरेमा सोबाट पर्न जाने क्षतिपुर्ति सोहि पक्षबाट असुल उपर गरिने छ साथै सम्झौतामा उल्लेखित भौतिक सामाग्रीहरु सबै पक्षको सहमतिमा यसै गाँउपालिकाले आँखा स्वास्थ्य सेवा प्रदान गर्न प्रयोग गर्नु पर्ने छ ।

| | |
|---|---|
| नेपाल आँखा कार्यक्रम, | नेपाल सरकार |
| जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगा तर्फबाट | खिजिदेम्बा गाँउपाकिलाको तर्फबाट |
| श्री मोहन कुमार श्रेष्ठ | श्री बेद बहादुर रोका |
| अध्यक्ष | अध्यक्ष |
| हस्ताक्षर | हस्ताक्षर |

मिति २०७७/८/१६

आज्ञाले

सुवास पौडेल

प्रमुख प्रशासकीय अधिकृत